का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक ७४
❒ १६ बैशाख २०७७, मंगलबार
❒ 28 April 2020, Tuesday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily राष्ट्रिय दैनिक

**अपडेट: सोमबार साँझसम्म**

| | संक्रमित | निको भएको | परिक्षण गरिएको | आइसोलेसनमा |
|---|---|---|---|---|
| नेपालमा | ५२ जना | १६ जना | १०४७१ | १०६ |

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ३० लाख १४ हजार | ८ लाख ८८ हजार | दुई लाख आठ हजार | १९ लाख १७ हजार |

# नेकपामा निकासको प्रयास

## स्थायी कमिटी बोलाउने सहमति

■ प्रधानमन्त्री ओली र बरिष्ठ नेता नेपालबीच भेटवार्ता ■ झलनाथ खनाल र बामदेव गौतम प्रचण्ड भेट्न खुमलटार पुगे

नेकपा अध्यक्ष एवम् प्रधानमन्त्री केपी शर्मा ओली निकट नेताहरूले बरिष्ठ नेता माधवकुमार नेपाल निकट नेताहरूसँग सचिवालय बैठक राखेर स्थायी कमिटी बैठकको मिति तय गर्न सहमति जनाएका छन् । प्रधानमन्त्री ओली र नेता नेपाल बीच बालुवाटारमा भेटवार्ता भएपछि कोटेश्वरमा दुवै पक्षका नेताहरू छलफलमा बसेका थिए ।



फाइल फोटो

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ वैशाख

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष एवम् प्रधानमन्त्री केपी शर्मा ओली निकट नेताहरु स्थायी कमिटी बैठक बोलाउन सहमत भएका छन् । बरिष्ठ बरिष्ठ नेता माधवकुमार नेपाल समूहका नेताहरुसँगको सम्वादमा ओली निकट नेताहरु स्थायी कमिटी बैठक बोलाउन तयार भएका हुन् ।

सोमबार नेता नेपालको निवास कोटेश्वरमा बसेको बैठकमा सहभागी नेताहरु सचिवालय र स्थायी कमिटी बैठक बोलाउनेमा सहमत भएको बैठक स्रोतले जनाएको छ । स्थायी कमिटीको मिति भने सचिवालयले तय गर्ने भएको छ । सचिवालय मंगलबार नै बस्ने सहमति भएको उपप्रधानमन्त्री एवम् ओली समूहबाट वार्तामा बसेका नेता ईश्वर पोखरेलले जानकारी दिए । अध्यादेश प्रकरण पछाडि नेकपाभित्र देखिएको समस्या हल गर्ने दुवै समूहका नेताहरु छलफलमा बसेका थिए ।

सोमबार बिहान प्रधानमन्त्री ओली र नेता नेपाल बीच बालुवाटारमा छलफल भएको थियो । सोही छलफलको आधारमा दुवै समूहका नेताहरुबीच बार्ता भएको थियो । तर, चर्चामा आएजस्तो ओली र नेपाल बीच लेनदेनको विषयमा भने छलफल नभएको बैठक स्रोतले जानकारी दियो । नेता नेपाल निकट एक नेताले भने, "उहाँहरुले कुनै ठोस् प्रस्ताव ल्याउनु भएन । छलफल भयो, सौहार्दता बढ्यो ।"

बार्ताबाट सचिवालय बैठक बोलाउने र त्यसैबाट स्थायी कमिटीको मिति तय गर्ने सहमति भएको बैठकमा सहभागी स्थायी कमिटी नेता सुरेन्द्र पाण्डेले बताए । बैठक पछाडि उनले भने, "मंगलबार सचिवालय बोलाउने सहमति भएको छ । त्यसपछि स्थायी कमिटी बैठक बोलाइने छ ।" बरिष्ठ नेता नेपाल समूहले तत्काल पार्टी बैठक बोलाउनुपर्ने माग गरेको थियो । नेता नेपालले आइतबार मात्रै आफू निकट स्थायी कमिटी नेताहरुको भेला गरेका थिए । भेलाले तत्काल स्थायी कमिटी बैठक बसेर निर्णय अध्यादेश प्रकरण, सरकार र पार्टीबारे छलफल गर्नुपर्ने निष्कर्ष निकालेको थियो ।

छलफलमा ओली समूहका नेताहरु ईश्वर पोखरेल, प्रदीप ज्ञवाली र शंकर पोखरेल तथा नेपाल समूहबाट भीम रावल, सुरेन्द्र पाण्डे र रघुजी पन्त छलफलमा बसेका थिए । अध्यादेश प्रकरण पछि नेकपामा असन्तुष्टि बढेको छ ।

पार्टीमा बिना छलफल प्रधानमन्त्री ओलीले अध्यादेश ल्याएको भन्दै सचिवालयकै नेताहरु असन्तुष्ट बनेका छन् । सोमबार नै अर्का कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल, बरिष्ठ नेता झलनाथ खनाल र उपाध्यक्ष वामदेव गौतम बीच भेटवार्ता भएको छ । नेताहरु खनाल र गौतम दाहालसँग भेटवार्ता गर्न खुमलटार पुगेका थिए ।

# सरकारविरुद्ध मोर्चाबन्दी

## 'सत्ताको आडमा सांसद अपहरण मुद्दा दर्ता भएन'

सांसद अपहरण मुद्दामा प्रहरीले सत्ताको आडमा मुद्दा दर्ता गराउन नमानेको विपक्षी दलहरूले निष्कर्ष निकालेको छ । सानेपामा बसेको विपक्षी दलहरूको बैठकले सरकारको असंवैधानिक कदम विरूद्ध एकजुट भएर लड्न मोर्चाबन्दी गर्ने निर्णय गरेको छ ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ वैशाख ।

काठमाडौं प्रहरीले सांसद अपहरण आरोप मुद्दा दर्ता नगरेपछि विपक्षी दलहरुको बैठक बसेको छ । नेपाली काँग्रेस केन्द्रीय मूख्यालय विपक्षी दलहरुको बैठक बसेको छ । समाजवादी पार्टी विभाजन गर्नेगरी गएको वैशाख ८ गते अध्यादेश ल्याएको सांसद सुरेन्द्र यादवलाई अपहरण शैलीमा काठमाडौं ल्याइएको घटनालाई गम्भीर रुपमा लिएको विपक्षी दलहरुले निष्कर्ष निकालेको छ ।

बैठकले जनकपुरबाट सांसदलाई अपहरण गरी काठमाडौं ल्याइएको विषयमा छानबिन गर्न माग गरेका हुन् । पार्टी फुटाउन अपहरणको शैलीमा जनकपुरबाट समाजवादी पार्टीका सांसद सुरेन्द्र यादवलाई काठमाडौं ल्याइएको भन्दै विपक्षी दलहरुले घटनाको छानबिन गर्न गरेका हुन् ।

सोमबार प्रतिपक्षी दल कांग्रेस, राष्ट्रिय जनता पार्टी, समाजवादी पार्टी नेपाल र राप्रपाका संयुक्त बैठकले सांसद अपहरणको घटना छानबिन गर्न माग गरेका हुन् । सञ्चार माध्यम, सामाजिक सञ्जाल तथा विपक्षी दलहरुबाट व्यापक विरोध भएपछि सरकारले विधेयक फिर्ता लिएपनि पृष्ठभूमिमा भएको अपराधको चित्र र चरित्रको पटाक्षेप नभएको भन्दै विरोध गरेका दलहरुले गरेका छन् ।



प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसको अग्रसरतामा सङ्घीय संसदमा प्रतिनिधित्व गर्ने विपक्षी दलहरूको नेपाली काँग्रेस केन्द्रीय कार्यालय, सानेपामा सोमबार बसेको बैठक । *तस्वीरः रत्न श्रेष्ठ*



यसअघि पनि चितवनमा मुद्दा दर्ता भएर काठमाडौंमा कार्बाही भएका नजीर थिए । तर, यसपटक सत्ताको आडमा सांसद अपहरण आरोप मुद्दा दर्ता भएन ।

■ **विश्वप्रकाश शर्मा**
**प्रवक्ता, नेपाली काँग्रेस**

नेपाली कांग्रेसका प्रवक्ता विश्वप्रकास शर्माले प्रधानमन्त्री समेत संलग्न भई सांसद अपहरण भएको विषयमा मुद्दा समेत दर्ता नगरिएपछि दलहरु एकसाथ कसरी अगाडि बढ्ने भन्ने विषयमा बैठकमा छलफल भएको बताए । काठमाडौंमा मुद्दा दर्ता भएर महोत्तरीमा अनुसन्धान गर्न सकिने ठाउँ हुँदाहुँदै पनि मुद्दा दर्ता नभएपछि दलहरु गम्भीर बनेको प्रवक्ता शर्माले बताए ।

विगतमा पनि चितवनमा दर्ता भइ काठमाडौंमा अनुसन्धान र काठमाडौंमा दर्ता भइ सुनसरीमा गिरफ्तारी भएका नजीर भएपनि शक्तिको आडमा अहिले मुद्दा दर्ता नगरिएको प्रवक्ता बाँकी पृष्ठ २ मा

# लकडाउन कडा पार्न निर्देशन

स्थानीय सरकारहरूले विभिन्न शहरमा रहेका आफ्ना नागरिक लैजाने क्रम तीव्र पारेसँगै, गृह मन्त्रालयले लकडाउन कडाइ गर्न निर्देशन दिएको छ ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ वैशाख

गृह मन्त्रालयले मातहतका निकायलाई लकडाउन थप कडा पार्न निर्देशन दिएको छ । मन्त्रालयले सबै जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गर्दै पासविनाका कुनै पनि सवारी साधन आवतजावतमा रोक लगाउन निर्देशन दिएको गृह मन्त्रालयले जनाएको छ ।

बीच बाटामा पुगेका र विचल्लीमा परेका मजदूर र सर्वसाधारणलाई उद्धारका लागि साँझको समयमा केही दिन सवारी सञ्चालनमा अनौपचारिक रुपमा खुकुलो गराइएकाले अधिकांशको उद्धार भइसकेको गृह मन्त्रालयको ठहर छ । त्यसैले मन्त्रालयले सोमबार देखि पासविनाका सबै प्रकारका सवारी साधन सञ्चालनमा रोक लगाउन परिपत्र जारी गरेको छ ।

हुलमूलका साथ सवारी साधनमा यात्रा गर्दा कोभिड-१९ सङ्क्रमण भएर थप जटिलता निम्त्याउनसक्ने खतरालाई ध्यानमा राखेर उक्त निर्देशन दिइएको मन्त्रालयले जनाएको छ । लकडाउनलाई सरकारले वैशाख २५ गतेसम्म लम्ब्याएको छ । अहिलेसम्म मुलुकमा ५२ जनामा कोभिड- १९ सङ्क्रमण पुष्टि भइसकेको छ ।

घर ल्याउन होडबाजी

तर, विशेषगरी काठमाडौंबाट आफ्नो नागरिक लैजाने स्थानीय तहहरुको प्रयासका कारण भीडभाड बढ्ने गरेको देखिन्छ । अन्य जिल्ला जस्तै अध्ययन, कामकाज तथा अन्य कारणले काठमाडौंमा रहेका नागरिकलाई कञ्चनपुरले पनि दिनहुँ सवारी (बस) पठाउने काम भइरहेको भए पनि सीमावर्ती भारतीय बजारमा लामो समयदेखि आश्रय लिइरहेका नेपाली मजदुरलाई स्वदेश ल्याउने विषय अझै किनारा लाग्न सकेको छैन ।

काठमाडौंबाट कञ्चनपुर, कैलालीलगायतका जिल्लामा जान काठमाडौंमै रहेर प्रतिनिधिसभा सदस्यदेखि बाँकी पृष्ठ २ मा

नेपाल र नेपालीको समुन्नत भविष्य निर्माणको जिम्मा हामी नेपालीकै हो । त्यसैले हामीमा भएको अपार क्षमताको सदुपयोग गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

कोरोना कहर

# स्वदेशमै श्रम गर्ने अवसर : श्रममन्त्री यादव

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ बैशाख

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादवले विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस संक्रमण नेपाली युवाहरुलाई स्वदेशमै रोजगारका लागि अग्रसर बनाउने अवसर बन्नसक्ने बताएका छन् । वैदेशिक रोजगार पत्रकार समाजले सोमबार विदेशस्थित नेपाली कामदारहरुको अवस्थाकाबारेमा श्रम मन्त्रालय र दूतावासहरुको भूमिका सम्बन्धमा गरेको अन्तरक्रिया कार्यक्रममा मन्त्री यादवले स्थिति अनुकल हुनासाथ विदेशमा रहेका नेपाली कामदार हरुलाई स्वदेश फर्काएर विभिन्न क्षेत्रमा रोजगारी दिने गरी गृहकार्य गरिरहेको बताए ।

त्यसका लागि हाल विज्ञहरु संलग्न गरी अन्तरमन्त्रालय समन्वयमा छलफल भइरहेको भन्दै मन्त्री यादवले विज्ञहरुले कृषि, निर्माण, पर्यटन तथा लघु उत्पादन लगायतका क्षेत्रहरुमा नेपाली युवाहरुलाई रोजगारीको सम्भावना रहेको दावी गरे ।




**वैदेशिक रोजगार विशेष**

विदेशमा रहेका कामदार हरुलाई स्वदेश फर्काउने विषयमा सम्बन्धित देशका दूतावासहरुले व्यवस्थित कार्य योजना बनाउनुपर्ने आवश्यकता रहेको भन्दै मन्त्री यादवले हाल विदेशमा रहेका कामदारहरुलाई स्वदेश पर्काउँदा कोरोना भाइरस (कोभिड-१९) बाट मुक्त रहेको प्रमाणपत्र अनिवार्य गरिने बताए ।

आइतबार वैधानिक बनी स्वदेश फर्किन कुवेतस्थित नेपाली दूतावासमा सम्पर्कमा आएका केही नेपालीमाथि स्थानीय प्रहरीले लाठीचार्ज गरेर तितरवितर गराइएको खबर सार्वजनिक भएको थियो । मन्त्री यादवले विदेशमा नेपाली कामदारमाथि हुने अन्याय, अत्याचार र विभेद नेपालको राष्ट्रियतासँग जोडिने विषय भएको भन्दै नेपाली कूटनीतिक नियोगहरुले नेपालीहरु अपमानित हुने अवस्था आउन नदिन सचेत हुनु आवश्यक रहेको स्मरण गराए । मन्त्री यादवले नेपाली कामदारलाई घर फर्काउने विषयमा कार्ययोजना बनाई पेश गर्न आग्रह गर्दै महिला, रोगी, घाइते तथा अपाङ्गरुलाई प्राथमिकतामा राख्न निर्देशन समेत दिए ।

विदेशमा रोजगारी गुमाई खान बस्न नपाई अलपत्र कामदारलाई उद्धार गर्न वैदेशिक रोजगार कल्याणकारी कोषको रकम परिचालन गर्ने विषयमा योजना बनिरहेको भन्दै मन्त्री यादवले भारतमा अलपत्र परेका नेपाली कामदारहरुकाबारेमा भारतीय राजदूतसँग छलफल गरेको बताए ।

नेपालका राष्ट्रपति, प्रधानमन्त्री, परराष्ट्र मन्त्री तथा आफुले नेपाली कामदारहरु रहेका विभिन्न देशका समकक्षीहरुसँग टेलिफोन गरी नेपाली कामदार हरुको सुरक्षाकाबारेमा पटक-पटक कुरा गरेको भन्दै मन्त्री यादवले नेपाल सरकार विदेशस्थित आफ्ना नागरिकहरुप्रति उदासिन रहेको आरोपमा सत्यता नरहेको समेत दावी गरे ।

कार्यक्रममा सहभागी कुवेतस्थित नेपाली राजदूत दुर्गा प्रसाद भण्डारीले त्यहाँ रहेका नेपाली बाँकी पृष्ठ २ मा

# पालमुनि बसेर सीमामा निगरानी



**सुरुङ्गा/रासस–** कोरोना भाइरस (कोभिड १९) को महामारीका कारण एक महिनाभन्दा लामो समयदेखि मुलुक लकडाउनमा छ । मुलुक लकडाउनले सुनसान भएसँगै देशको पूर्वी क्षेत्रको चहलपहल पनि शून्य छ। तर महामारीले मुलुक सुनसान भइरहेको अवस्थामा देशको सीमा क्षेत्रमा भने थप सतर्कता बढाउनुपर्ने हुन्छ । त्यसैले देशको पूर्वी क्षेत्रमा भारतसँग जोडिएका सीमा नाकाबाट हुनसक्ने अवैध प्रवेश रोक्न चुस्त रुपमा निगरानी भइरहेको छ ।

हप्तादिनभन्दा लामो समयदेखि झापासहित देशको पूर्वी भागमा पानी परिरहेको छ । दिन ढल्किनासाथ आकाश गड्याङगुडुङ गर्छ, हावाहुरी चल्छ र पानी वर्षन थाल्छ । तर पानी परे पनि नेपाल प्रहरी र सशस्त्र प्रहरी भने हावाहुरी र पानीको प्रवाह नगरी झापाको सिमावर्ती क्षेत्रमा दिनरात सुरक्षार्थ खटिरहेका छन् । हुनत प्रकृतिले जेजस्तो स्वरुप देखाए पनि प्रहरीको काम सुरक्षा दिने हो, दिइरहेकै छन्। तर पनि यतिबेला भने उनीहरुले निकै अप्ठेरोसँग राष्ट्रसेवा गरिरहेका छन् । महामारीले ल्याएको समस्या देशका अरु क्षेत्र र निकायजस्तै सीमा क्षेत्रमा खटिएका प्रहरीले पनि भोगिरहेका छन् ।

खुल्ला सिमानाको फाइदा उठाउँदै भारतबाट लुकीछिपी कोही मानिस नेपाल प्रवेश गर्न नसकुन् भन्दै बाहुनडाँगीदेखि गौरीगञ्जसम्मको १४४.०२ किलोमिटर क्षेत्रमा अहिले एक हजार ५०० सुरक्षाकर्मी खटिएका छन्। तर ती सबैको बास भने पालमुनि छ। यस्तो संरचनामा बसेर उनीहरुले देशको सीमा क्षेत्रमा निगरानी गरिरहेका छन् ।

नेपाल-भारत सिमावर्ती क्षेत्रमा नेपाल प्रहरी र सशस्त्र प्रहरीले हालैमात्र २३३ वटा चेकपोष्ट खडा गर्दै सीमा क्षेत्रको निगरानी शुरु गरेको हो । सीमा क्षेत्रमा अस्थायी चेकपोष्ट निर्माण गरिएका कारण दिनहुँजसो रातको समयमा आउने हावाहुरीसहितको पानी र चट्याङले निगरानी गर्ने प्रहरीलाई सकस भएको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइरालाले बताए ।

सीमा क्षेत्रको नजिकै प्रहरीले पाल टाँगेर चेकपोष्ट निर्माण गरेको छ । दिनभरि घामले सताउँछ भने राति परेपछि हावाहुरीसहित असिना र पानी पर्छ । यस्तो अवस्थामा सीमाको निगरानीका लागि परिचालन गरिएका प्रहरीले कसरी ज्यान बचाउने आफैँमा चिन्ताको विषय छ। प्रहरी उपरीक्षक कोइरालाले भने, 'हावाहुरीले त्रिपाल उडाएर लगेपछि ड्युटीमा खटिएका प्रहरी पानीमा भिज्नुको विकल्प रहँदैन । कैयौँ पटक त अस्थायी पाल हावाले उडाएर पनि लग्यो, पछि फेरि बनाएर बस्नु परेको छ ।'

सशस्त्र प्रहरी र नेपाल प्रहरीले अहिले खोलाको बगर र खेतमा बाँस, त्रिपाल र टिनले बनाएको छाप्रोलाई नै अस्थायी प्रहरी पोष्ट बनाएका छन् । जहाँ नेपाल प्रहरी र सशस्त्र प्रहरीका एक हजार ५०० सुरक्षाकर्मी तैनाथ छन् । गृह मन्त्रालयको निर्देशनअनुसार झापाको सिमावर्ती क्षेत्रमा चौबीसै घण्टा प्रहरी परिचालन गरिएको छ।

खुल्ला सिमानाको फाइदा उठाउँदै भारतबाट आउनसक्ने मानिसलाई नेपाल प्रवेशमा रोक लगाउन प्रहरी परिचालन गरिए पनि उनीहरुलाई असिना पानीसहित आएको हावाहुरीले समस्या हुने गरेको सशस्त्र प्रहरीबल २ नम्बर गण झापाका प्रहरी उपरीक्षक रेसमकुमार थाक्सुले बताए । उनले भने, 'सीमाको निगरानी गर्नुछ, असिना पानी आयो भन्दैमा प्रहरीले काम गर्न त छाड्नुभएन नि । विश्वमा महामारीका रुपमा देखा परेको कोरोना भाइरसको सङ्क्रमण नेपालमा पनि बढ्दै गएको छ। यस्तो अवस्थामा देशको सीमा क्षेत्रमा रहेर आवश्यक निगरानी गर्नु हाम्रो कर्तव्य हो र हामीले जस्तोसुकै दुःख झेलेर भए पनि आफ्नो कर्तव्य पालना गर्नुपर्छ ।'

'प्रि-मनसुन'को बेला छ, दिनहुँजसो रातको समयमा हावाहुरी सहित असिना पानी र चट्याङसमेत पर्ने गरेकाले सीमा क्षेत्रमा प्रहरीले दुःखले काम गरिरहेका छन् बाह्रदशी गाउँपालिका-१ का वडाध्यक्ष शम्भूसिंह राजवंशीले भने। 'एक-एक किलोमिटर जस्तोमा प्रहरीलाई बस्ने चेकपोष्ट बनाइएको छ, तर राति नै हावा हुण्डरीले उडाएर लान्छ, फेरि भोलिपल्ट निर्माण गर्दै बस्दै गरेका छन्,' उनले भने ।

मौसमले समेत साथ नदिएका कारण सीमा क्षेत्रमा प्रहरीलाई ड्युटी गर्न समस्या देखिएको छ वडा अध्यक्ष राजवंशीले भने, 'स्थानीय तहले पनि प्रहरीलाई अस्थायी पोष्ट निर्माणका लागि सहयोग गरिरहेका छौँ ।'

झापाको सिमाना भारतको बङ्गाल र विहार राज्यसँग जोडिएको छ। उत्तरी झापाको भू-भाग तिरिङ खोलादेखि दक्षिणको गौरीगञ्जसम्म १४४.०२ किलोमिटर क्षेत्रफलमध्ये भारतसँग मेचीनगर र भद्रपुर नगरपालिका तथा कचनकवल, झापा र गौरीगञ्ज गाउँपालिकाको सीमा जोडिन्छ । सीमा क्षेत्रको सुरक्षाका लागि जिल्ला प्रहरी कार्यालय झापाले ४७५ जना थप प्रहरी पनि सीमा क्षेत्रमा खटाएको छ ।

# पत्रकार दुर्व्यवहार घटनाप्रति महासंघको ध्यानाकर्षण




**काठमाडौं/मस–** नेपाल पत्रकार महासंघले समाचार संकलनका क्रममा चितनवमा प्रहरीद्वारा पत्रकारलाई गरिएको दुर्व्यवहार, पक्राउ तथा पत्रकारका सवारी साधन र सञ्चार सामग्री नियन्त्रणमा लिएको घटनाप्रति ध्यानाकर्षण भएको जनाएको छ ।

समाचार संकलनका लागि सोमबार बिहान चितवनको भरतपुरस्थित चौबीसकोठीमा पुगेका कायाकैरन दैनिकका सम्पादक विनोदबाबु रिजाल र रेडियो त्रिवेणीमा कार्यरत पत्रकार अर्जुन अधिकारीलाई प्रहरीले दुर्व्यवहार गर्दै पक्राउ गरेको महासंघले जनाएको छ। पत्रकारद्वयले परिचयपत्र देखाउँदा देखाउँदै प्रहरीले दुर्व्यवहार गर्दै प्रहरीकै गाडीमा राखी भरतपुरको कभर्डहलमा रहेको क्वारेन्टाइनमा लगेर खिचिएको फोटो र भिडियो मेटाउनुका साथै पत्रकारका सवारीसाधन र सञ्चार साधनसमेत नियन्त्रणमा लिएको महासंघद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

महासंघका महासचिव रमेश विष्टले कोरोना भाइरसको संक्रमणको सम्भावित जोखिमको ख्याल नगरी अग्रपंक्ति रहेर नागरिकलाई सुसूचीत गराउने पेशागत कर्म निर्वाहमा रहेका पत्रकारलाई सहयोग गर्नुको सट्टा प्रहरीबाट गरिएको व्यवहार खेदजनक भएको उल्लेख गरेका छन् । महासंघले घटनामा संलग्न प्रहरीमाथि कारवाही गर्न र पत्रकारको संवैधानिक अधिकारको ख्याल गर्न तथा पत्रकारको सुरक्षामा संवेदनशील बन्न सम्बन्धित निकायको ध्यानाकर्षण गराएको छ।

यसैगरी पत्रकार महासंघ कर्णाली प्रदेश कार्यसमितिका सदस्य तथा दैलेखस्थित नागरिक दैनिकका सम्वाददाता गोविन्द केसीलाई समाचार लेखेकै कारण दिएको धम्कीको घटनाप्रति पनि महासंघले ध्यानाकर्षण भएको जनाएको छ । नारायण नगरपालिकाको राहत सामग्री खरिदमा अनियमिततासम्बन्धी समाचार केही दिनअघि नागरिक दैनिकमा प्रकाशित भएपछि पत्रकार केसीलाई धम्की दिइएको विज्ञप्तिमा उल्लेख छ ।

# लक्ष्मीपुर पतारी गाउँपालिकाले राहत बााडेपछि स्थानीय खुशी

**शुभ नारायण कामती/मध्यान्ह**
सिरहा, १५ बैशाख



सिरहाको लक्ष्मीपुर पतारी गाउँपालिकाद्वारा समयमै राहत वितरण भएपछि त्यहाँका पीडित स्थानीयहरु खुशी भएका छन् । सिरहाका १७ वटा स्थानीय तहमध्ये ६ वटा नगरपालिका र ३ वटा गाउँपालिका गरी ९ वटा पालिकालेमात्र राहत वितरण गर्न सकेको छ भने २ वटा नगरपालिका र ६ वटा गाउँपालिका गरी ८ वटा पालिकाले हालसम्म राहत वितरण गरेका छैनन् ।

एक महिनाभन्दा बढि समयदेखि जारी रहेको लकडाउनका कारण सिरहासहित नेपालभरी मुख्यत दैनिक ज्यालादारी गरी खाने, अति विपन्न परिवारहरु मारमा पर्दै आएका छन् । लक्ष्मीपुर पतारी गााउँपालिकाले पारदर्शीरुपमा राहत वितरण गरिएपछि त्यहाका पीडित स्थानीयहरु खुशी भएका छन् ।

राहत वितरण कार्यलाई पारदर्शी र न्योयोचित बनाउन विशेष ध्यान दिइएको गाउँपालिका प्रमुख राम बल्लभ साहले बताए । 'गाउँपालिकाभित्र रहेका सबै वडामा पहिलो चरण जनचेतनाको कार्यक्रम गरी प्रदेश सरकारको राहत वितरण कार्यक्रम कार्यविधि अनुसार घर परिवार छनौटको लागी प्रत्येक वडामा परिपत्र गरी सोही अनुरुप तथ्यांक संकलन भयो,' अध्यक्ष साहले भने, 'तथ्यांक संकलन भएपश्चात हामीले कार्यपालिका बैठक बसी प्रत्येक वडालाई तीन लाख पचास हजारका दरले रकम बाँडफाड गरी पठायौं र विना अवरोध राहत वितरण कार्यक्रम समपन्न भयो ।'

पालिका भित्र रहेका गरिब असहाय परिवारलाई राहत अत्यावश्यक भएकोले समयमा पालिकाले राहत वितरण गर्दा दलित, गरीब परिवारमा बास्तविक राहत पुगेको स्थानीय सुनिल रामले बताए । गाउँपालिकामा पहिलो चरणको राहत वितरण कार्यक्रम समपन्न भएको जानकारी दिंदै अब दोस्रो चरणको राहत वितरण कार्यक्रमको तयारी गरिरहेको प्रमुख प्रशाकीय अधिकृत धनिकलाल यादवले बताए ।

# सिभिल अस्पतालमा स्वाब कलेक्सन बुथ



**काठमाडौं/मस–** देशकै एकमात्र निजामति कर्मचारी अस्पतालमा कोरोना भाइरस परीक्षणका लागि स्वाब कलेक्सन बुथ राखिएको छ। काठमाडौंको नयाँ बानेस्वरस्थित निजामति कर्मचारी अस्पतालमा राष्ट्रिय आविस्कार केन्द्रमा निर्माण भएको स्वाब कलेक्सन बुथ राखिएको हो ।

राष्ट्रिय कर्मचारी संगठन निजामती र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका कर्मचारीहरुको सहयोगमा उक्त स्वाब कलेक्नस बुथ राखिएको अस्पतालका कार्यकारी निर्देशक प्राध्यापक डा. दिर्घराज आर.सि.ले बताए । उनले कोरोना भाइरसको आशंका लागेका विरामीहरुको स्वाब कलेक्सनका लागि निर्माण गरिएको बुथ प्राप्त भएकोले स्वाब कलेक्नसन गर्दा चिकित्सक एवं स्वास्थ्यकर्मीलाई हुने संक्रमणको जोखिमबाट जोगाउने बताए ।

त्यस्तै यसको प्रयोगबाट स्वास्थ्यकर्मीले लगाउने पीपीई लगायतका अन्य स्वास्थ्य सामग्रीको बचत हुने समेत उनले बताए। स्वाब कलेक्सन बुथ पाएसँगै अस्पतालले कोरोना भाइरसको संक्रमणको आशंका गरिएका बिरामीहरुलाई पनि राम्रो सेवा दिन सक्ने उनले बताए ।

स्वाब कलेक्सन बुथ उपलब्ध गराउँदै सडक विभागका महानिर्देशक केशब कुमार शर्माले अस्पतालले सुरक्षित रुपमा बिरामीको स्वाब कलेक्सन गर्न यसले सहयोग पुऱ्याउने विश्वास व्यक्त गरे । यस्तै राष्ट्रिय कर्मचारी संगठन निजामतीका अध्यक्ष हरि रावलले स्वास्थ्यकर्मी र बिरामी दुवैलाई संक्रमणको जोखिमबाट जोगाउन यसले सहयोग गर्ने बताए । राष्ट्रिय आविस्कार केन्द्रले स्वाब कलेक्सन बुथ पूर्ण रुपमा बैज्ञानिक र सुरक्षित रुपमा निर्माण गरिएको जनाएको छ। बुथमा प्रयोग गरिएका सामग्रीहरु गुणस्तरीय रहेको र बुथ भित्र राम्रोसँग हावा पास हुने व्यवस्थालाई सुरक्षित बनाइएको केन्द्रले बताएको छ ।

# पूर्वसचिव उपाध्याय धरौटीमा रिहा



**काठमाडौं/मस–** साइबर अपराधसम्बन्धी आरोपमा पक्राउ पक्राउ परेका पूर्वसचिव भीम उपाध्याय २५ हजार धरौटीमा रिहा भएका छन् । काठमाडौं जिल्ला अदालतले धरौटीमा उनलाई सोमबार रिहा गरेको हो । न्यायाधीश भरतमुनि खनालको इजलासले उपाध्यायले अभियोग अस्वीकार गरे पनि तत्काल निर्दोष रहेको भन्न सकिने अवस्था नरहेको भन्दै थपपछि ठहर बमोजिम हुने गरी रिहा गर्ने आदेश दिएको हो ।

प्रहरीले नियन्त्रणमा लिएको उपाध्यायको मोबाइल फोन पनि फिर्ता भएको छ । साइबर अपराधको आरोपमा पाँच दिनअघि प्रहरीको केन्द्रीय साइबर ब्युरोले उपाध्यायलाई ललितपुरको कुसुन्तीमा रहेको निवासबाट पक्राउ गरेको थियो ।

प्रहरीले सरकारी वकिलमार्फत उपाध्यायविरुद्ध पाँच वर्ष कैद वा एक लाख रुपैयाँ जरिबाना वा दुवै सजाय माग गर्दै अभियोग पत्र दर्ता गरेको थियो । उपाध्यायलाई सामाजिक सञ्जालमार्फत धार्मिक आस्थामा आघात पुर्याएको पनि आरोप लगाइएको थियो । उपाध्यायलाई पक्राउ गर्नु र मुद्दा दायर गर्नु अभिव्यक्ति स्वतन्त्रताको विरुद्ध भन्दै अधिकारकर्मीले विरोध गर्दै आएका छन् ।

# बागलुङ कांग्रेसका नेताहरुले बाँडे राहत




**काठमाडौं/मस–** विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारीलाई नियन्त्रण गर्न लम्बिँदै गएको लकडाउनका कारण दैनिक रुपमा ज्याला मजदूरी गरेर जीवन निर्वाह गरिरहेका विपन्न जनता मर्कामा पर्दै गएका छन् । अत्यन्त कमजोर आर्थिक अवस्थाले गर्दा यतिखेर उनीहरुको जीवन धान्ने आशा नै विभिन्न संघ संस्था वा व्यक्तिबाट प्राप्त हुने राहत र सहयोग हुने गरेको छ । खासगरी स्थानीय निकायहरुबाट वितरण हुने राहतमा विपन्न वर्गकै कम पहुँच हुने भएकोले गैर सरकारी क्षेत्रबाट वितरण हुने राहतप्रति उनीहरुले बढी अपेक्षा गरेका हुन्छन् ।

यहि तथ्यलाई मध्यनजर गर्दै नेपाली कांग्रेस बागलुङले तमानखोला क्षेत्रका पीडित परिवारहरुलाई राहत वितरण गरेको छ। बागलुङ क्षेत्र नं. २ प्रदेश ख अन्तर्गत तमानखोला गाउँपालिकाका ६ वटा वडाका थिर्बाङ, नर्जा, हिजा, बोङदोभान, तमान, सिल्गुम, लामेला, खुङ्खानी, स्याउला, कोरलिबाङ, भिकोस, रिग्लाङ, बोङ्खानी, पैरा, सेन्नामा, खोलेस्बाङ, भएरबोँङालगायतका करिव ३ सय ३० परिवारलाई राहत वितरण गरिएको राहत संकलन र बितरणमा समेत सकृय नेपाली कांग्रेसका सकृय कार्यकर्ता एवं वैदेशिक रोजगार व्यवसायी ऋषिराम कंडेलले जानकारी दिए ।

बागलुङ कांग्रेसले काठमाडौंमा प्रभू ग्रुपका देवि प्रकाश भट्टचन, सुमेघ ट्राभल्सका मेघ केसी, आर बी ओभरसिज प्रा.लि.का ऋषिराम कंडेल, जिमी ग्रुप, युवा ट्रेडर्स, गामबेसी देहोरी साँझलगायत नकुल शेरचन, विकास शेरचन, दक्ष पौडेल, राम पाण्डेआदिबाट सहयोग संकलन गरेको थियो ।

सो क्षेत्रका पीडित परिवार हरुलाई राहत स्वरुप २० केजी चामल, १ लिटर खाने तेल, १ केजी नुन र साबुन वितरण गरिएको थियो ।

यसैगरी राहत वितरण टोलीले बागलुङ जिल्लाको क्षेत्र नं. २ अन्तर्गत प्रदेश क र ख मा रहेका २१ वटा स्वास्थ्य केन्द्रमा कार्यरत स्वास्थ्यकर्मीहरुको लागि पीपीई, हेडक्याप, मास्क, ग्लोब्स, सेनिटाइजर, साबुनलगायतका स्वास्थ्य सुरक्षा सामग्रीहरु वितरण गरिएको व्यवसायी एवं समाजसेवी कंडेलले जानकारी दिए ।

यस्तै बागलुङको ढोरपाटन नगरपालिका अन्तर्गत नौवटा वडा र निशीखोला गाउँपालिकाको ७ वटा वडामा सोमबार राहत वितरण गरिएको कंडेलले बताए ।

ने. का., माहाधिवेशन प्रतिनिधि एवं बागलुङ कांग्रेसका युवा नेता जित बहादुर शेरचन, ने.का. पूर्व महासमिति सदश्य एवं ढोरपाटन नगरपालिकाका सकृय नेता अर्जुन शेरचन, वागलुङ क्षेत्र नम्बर २ ख का कांग्रेस पार्टी क्षेत्रीय सभापति नर्जङ घर्ती, ने.का. तमानखोला गाउँपालिका पार्टी संयोजक खगेन्द्रमान पुन, नेपाल तरुण दल जिल्ला सचिव नविन शेरचन, व्यवसायी एवं समाजसेवी कंडेललगायत काठमाडौंका व्यवसायी तथा समाजसेवीहरुको सहयोगमा राहात वितरण गरिएको बताइएको छ ।

## सरकार ...

शर्माले बताए । "स्वदेशभित्र र स्वदेश भन्दा बाहिर रहेका नेपालीहरुले चासो राख्नु भएको विषयमा प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेस र संसदमा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलहरु यो अपहरणसँग सम्बन्धित भएको विषयको मुद्दा समेत दर्ता नहुने, मुद्दा दर्ता काठमाडौंमा गरेर अनुसन्धान महोत्तरीमा गराउन नसकिने भन्ने होइन्" प्रवक्ता शर्माले भने, "विगतको नजिरलाई मध्यनजर राखेर काठमाडौंमा मुद्दा दर्ता भएर चितवनमा दर्ता भएका अथवा कारबाही भएका या चितवनमा दर्ता भएर काठमाडौंमा गिरफ्तारी भएका अथवा काठमाडौंमा मुद्दा दर्ता भएर सुनसरीमा गिरफ्तारी भएका अन्य घटनाक्रमहरु पनि हामीले हेरेका छौं ।"

मुलुकको २०७४ सालमा जारी भएको मुलुकी अपराध संहिताले कहिं पनि कुनै ठाउँमा पनि दर्ता हुने विषयलाई रोक्दैन रोक्ने भन्ने कुनै प्रावधान पनि छैन त्यस कारणले यो विषयलाई गम्भिरतापूर्वक बैठकले लिएको उनले बताए ।

सांसदको अपहरण जस्तो विषय कुनै एक दलसँग मात्रै सम्बन्धित नभएर समग्र शान्ति, संविधान र लोकतान्त्रीक प्रणालीमा गलत कदम भएको निष्कर्ष बैठकले निकालेको छ। तीन दलले सरकारका असंवैधानिक कदम विरुद्ध लड्न मोर्चाबन्दी गर्ने निर्णय समेत गरेको छ ।

## लकडाउन...

पूर्वमन्त्री, राजनीतिक दलका नेता र विद्यार्थी नेता अग्रसर रहेको देखिएका छन् । सामाजिक सञ्जालमा राहत वितरण र उद्धार गरी घर पठाउने विषयले चुनावी झझल्को दिए पनि झण्डै एक महिनादेखि घर आउन नपाएर सीमावर्ती भारतीय बजारका विद्यालयमा आश्रित नेपाली मजदुर घर ल्याउन जनप्रतिनिधिका साथै प्रदेश र स्थानीय सरकार गम्भीर भएको देखिँदैन ।

काठमाडौं लगायत बाहिरबाट यहाँ आइरहेका नागरिकलाई १४ दिन क्वारेन्टाइन राखेपछि मात्रै होम क्वारेन्टाइनमा राख्न कञ्चनपुरको स्थानीय प्रशासनले स्थानीय तहलाई सचेत गराए पनि कार्यान्वयन नहुँदा कोरोना भाइरसको सङ्क्रमण बढ्ने चिन्ता रहेको छ ।

सर्वोच्च अदालतले समेत लकडाउनका कारण भारतीय सीमा क्षेत्रमा क्वारेन्टाइन राखिएका नेपालीलाई घर फर्काउन अन्यथा भारतमै गाँस, बासको प्रबन्ध मिलाउन आदेश जारी गरे पनि सुनुवाइ भएको छैन । कञ्चनपुरका प्रमुख जिल्ला अधिकारीले काठमाडौंलगायत कुनै पनि ठाउँबाट मान्छे ओसार्न जिल्ला प्रशासन कार्यालयले पास उपलब्ध नगराएको बताए ।

## स्वदेशमै...

कामदारहरुको सुरक्षाका लागि सम्बन्धित निकायहरुसँग निरन्तर रुपमा छलफल र समन्वय गरिरहेको भन्दै नेपालीहरु कोरोना भाइरसका कारण समस्यामा नरहेको दाबी गरे । त्यहाँ ४३ जना नेपालीमा कोरोना भाइरस संक्रमण देखिएको उनले जानकारी दिए ।

कुवेत सरकारले घोषणा गरेको आममाफीको कार्यक्रममा सहभागी हुन चाहने अवैध रुपमा बसेका नेपाली कामदारहरुलाई व्यवस्थापन गर्ने कामलाई उच्च प्राथमिकतामा राखेको भन्दै राजदूत भण्डारीले अवैध रुपमा बसेको अनुमान गरिएका ७ हजार कामदारमध्ये सकेसम्म धेरै कामदारलाई स्वदेश फर्काउने योजना बनाएको बताए ।

अवैधमध्ये कागजात भएका र नभएका दुई प्रकारका नेपाली रहेको जानकारी दिँदै राजदूत भण्डारीले कागजात नभएका नेपालीहरुलाई निवेदनका आधारमा ट्राभल डकुमेन्ट बनाई कुवेतले स्थापना गरेको सम्पर्क केन्द्रहरुमा पठाइरहेको जानकारी दिए ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव सुजित कुमार श्रेष्ठले रोजगारीका लागि नेपाली कामदार रहेका मुलुकहरु मध्ये यूएईको समस्या चर्को रुपमा आएको भन्दै त्यसप्रति व्यवसायीहरु चिन्तित रहेको बताए । यूएईको दुबई प्लेक्स कम्पनीमा दुई सयजना र ईमिरेटस् क्यावमा ड्राइभरको काम गर्ने १ सय ३७ जनाको रोजगारी सकिएको भन्दै महासचिव श्रेष्ठले संघले रोजगारी गुमाउने कामदारहरुको विवरण संकलन गरिहरेको जानकारी दिए ।

कोरोना संक्रमणका कारण खाडी मुलुकका देशमा रोजगारी सिर्जना हुन कम्तीमा ६ महिना र यूरोपेली मुलुकहरुमा कम्तीमा पनि १ वर्षको समय लाग्ने आंकलन प्रश्तुत गर्दै महासचिव श्रेष्ठले त्यस अवधिसम्म हाल नेपालका ८ सय ५४ म्यानपावर कम्पनीहरुमा कार्यरत १ लाख २० हजार कर्मचारीहरुले रोजगारी गुमाउने अवस्था भएकाले म्यानपावर कम्पनीहरुको सञ्चालनका लागि राहत प्याकेज ल्याउन पनि माग गरे ।

वैदेशिक रोजगार कल्याणकारी कोषको रकम विदेशस्थित कामदार हरुको हितमा उपयोग गर्नुपर्ने अवस्था आइसकेको भन्दै महासचिव श्रेष्ठले कोषको रकमबाट विदेशस्थित नेपाली नियोगहरुमा आवश्यक पर्ने जनशक्ति थप लगायतका काम तत्काल गरिहाल्नुपर्ने माग समेत गरे ।

यूएईमा रोजगारी गुमाएका केही नेपालीलाई त्यहाँका केही अस्पतालहरुले क्लिनरको रोजगारी दिने प्रस्ताव पठाएको, मलेसियामा ग्वोब्स कम्पनीहरुले पनि त्यस्तै प्रस्ताव पठाएको जानकारी दिँदै महासचिव श्रेष्ठले प्राप्त अवसरको उपयोग गर्न सबै पक्षबीच सहकार्य हुनुपर्ने माग समेत गरे ।

समाजका महासविच रेशमराज पौडेलले सञ्चालन गरेको कार्यक्रममा करिब डेढ दर्जन पत्रकारहरुको सहभागिता रहेको थियो। कोरोना भाइरसको विश्वव्यापी संक्रमणले लकडाउन निम्त्याएपछि समाजले भिडियो कन्फरेन्स मार्फत सरोकारवालाहरुलाई एकै ठाउँमा ल्याई अन्तरक्रिया शुरु गरेको छ । सोमबारसम्म तीन वटा कार्यक्रम गरिसकेको समाजले कोरोना संक्रमणका कारण वैदेशिक रोजगारमा समस्यामा रहेका नेपाली कामदाहरुलाई राहत तथा उद्धारका लागि नियमित रुपमा अन्तरक्रिया कार्यक्रम जारी राख्ने बताएको छ।

# 'अब बाहिरबाट ह्वारहवारती आउन थाले'

**विक्रम गिरी/रासस**
काठमाडौं, १५ वैशाख



ओलम्पियन एवं एथलेटिक्स प्रशिक्षक हरिबहादुर रोकायालाई लकडाउनको एक महिनासम्म खासै चिन्ता लागेन । जुम्ला सदरमुकाम खलङ्गामा उनी नियमितरूपमा व्यायाम गर्दै र खेलाडीलाई पनि व्यायाम गराउँदै आएका छन् । रोकायाले लकडाउनको ख्याल गर्दै बिहानको समयमा व्यायाम गराउँदै आएका हुन् ।

अब भने प्रशिक्षक रोकायालाई कोरोना भाइरस सङ्क्रमणको खतरा आभास हुन थालेको छ। उनी भन्छन्, 'अब खतरा बढ्यो, बाहिरबाट मान्छे गाउँमा ह्वारह्वारती आउन थाले ।' बाहिरबाट नयाँ मान्छे कोही नआउँदासम्म गाउँमा कोरोना भाइरस भित्रिन नसक्ने रोकायाको बुझाइ छ। एक सातायता जिल्लाभर बाहिरबाट सर्वसाधारण आउने क्रम ह्वात्तै बढेको उनले बताए । 'अहिलेसम्म त सुरक्षित नै थियौं, अब खतरा बढ्यो', जुम्लाको खङ्गाबाट रोकायाले फोनमा भन्नुभयो । देशका विभिन्न ठाउँ तथा भारतबाट घर फर्कनेको सङ्ख्या बढेकामा उनी चिन्तित छन् । अहिलेसम्म ढुक्कसित व्यायाम गर्दै आएकामा अब भने यसबारे उनलाई सोच्न बाध्य बनाएको छ ।


गाउँमा बाहिरबाट सोझै नयाँ व्यक्तिलाई आउन दिन नहुने ओलम्पियन रोकायाको धारणा छ। यसरी नयाँ व्यक्तिसँगै कोरोना भाइरस पनि भित्रिने उहाँको बुझाइ छ। 'गाउँमा ढुक्कसित बसेकालाई समस्या भयो, अहिलेसम्म राम्रैसित दिन बितेका थिए, अब भन्न सकिन्न', उनले भने। भारतबाट घर फर्कनेलाई सीमामै क्वारेन्टाइनमा राख्नुपर्ने रोकाया बताउँछन् । सीमामा आएर अलपत्र परेकालाई नेपाल भित्र्याउनु पर्ने तर क्वारेन्टाइनमा राखी अनिवार्य स्वास्थ्य परीक्षण गर्नुपर्नेमा उनले जोड दिए । सीमाको क्वारेन्टाइन सकिएपछि गाउँमा यत्रतत्र जानबाट रोक्नुपर्ने उनको सुझाव छ ।

अहिले काठमाडौं तथा देशका अन्य ठाउँबाट सर्वसाधारण धमाधम घर फर्कन लागेका छन्। गाउँपालिका र नगरपालिकाका प्रतिनिधिबीच होडबाजी नै चलेको छ। यसरी घर फर्केकाहरु गाउँको क्वारेन्टाइनमा बस्न मानेका छैनन् । उनीहरु घुमघाममा ब्यस्त छन्। ओलम्पियन रोकाया यसलाई अबको खतराको सूचक मान्नुहुन्छ । 'सरकारले घोषणा गरेको लकडाउनको सबैले पालना गर्नुपर्छ', उनले भने। गाउँमा नयाँ मान्छे आए नआएको रोकायाले आफ्ना खेलाडीबाट जानकारी लिन बिर्सनु हुन्न । 'नयाँ व्यक्ति आए क्वारेन्टाइनमा अनिवार्य राख्न लगाउन खेलाडीलाई भन्दै आएको छु', रोकायाले भने । खेलाडीलाई सकभर घरमै व्यायाम गर्नका लागि उहाँको सल्लाह रहने गरेको छ। 'घरमा बस्दा बस्दा दिक्क भयो भन्दै बिहान केही बेर खुला ठाउँमा व्यायाम गर्न आउने गरेका छन्', उनले भने, 'पहिला जस्तो अभ्यास गरेका छैनौं, खेलका लागि तयारी अवस्थामा राख्न व्यायाममा जोड दिएका छौं ।'

रोकाया वर्षभरि प्रशिक्षणमै व्यस्त रहने प्रशिक्षक हुन् । उनी कहिल्यै त्यत्तिक्कै बस्दैनन्। हत्तपत्त जुम्ला पनि छाड्दैनन। छोडी हाले पनि आफ्नो नियमित व्यायाम भने गरिरहेका हुन्छन्। खेलाडी सधैं उनको सम्पर्कमा रहन्छन् । लकडाउनपछि भने रोकायाको दिनचर्या अलिक फेरिएको छ। बिहानको बाहेक अन्य समय उनी खेतबारीमै बिताउँछन् । 'दिनमा कोही पनि सकभर सुत्न हुन्न', रोकाया भन्छन्, 'करेसाबारीमा काम गरेर भए पनि आफुलाई फुर्तिलो बनाउनु पर्छ ।' केही समय घरछेउमै सञ्चालन गरिएको मिलका लागि खर्चिएका हुन्छन् । कर्णाली स्पोर्ट्स क्लबका सदस्यहरुले मिलेर उक्त मिल सञ्चाल गरेका हुन् । त्यहाँ सातु र धान कुटानी पिसानी गरिन्छ । 'यो काम पनि दूरी कायम गर्दै आएका छौँ', रोकायाले भने । यसबाट सङ्कलन भएको रकम खेलाडीका लागि खर्च गरिन्छ। क्लबको आफ्नै चार कोठे भवन छ । जहाँ खेलाडीलाई बस्ने खाने व्यवस्था गरिएको छ। अहिले लकडाउनका कारण रोकायाले यहाँ बस्दै आएकालाई घर पठाएका छन्।

कीर्तिमानी धावक रोकायाले सन् १९८८ मा दक्षिण कोरियाको सोल र सन् १९९२ मा स्पेनको बार्सिलोनामा सम्पन्न ओलम्पिकमा नेपालबाट भाग लिएका थिए। उनी २०५२ सालदेखि भने जुम्लामा एथलेटिक्स प्रशिक्षकका रुपमा कार्यरत छन् । लकडाउनअघि उनले सात वर्षदेखि २२ वर्ष उमेरका झण्डै ४५ खेलाडीलाई अभ्यास गराउँदै आएका थिए । हाल श्रीमतीका साथ बस्दै आएका उनका जेठो छोरो यज्ञबहादुर कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा चिकित्सक छन् भने कान्छो छोरो हिक्मतबहादुर श्री एयरलाइन्समा पाइलट छन्। 'घरमा लकडाउनको पूर्ण पालन गरेको छु, कोही पनि नयाँ व्यक्ति घरमा आउजाउ गर्न दिएको छैन', रोकायाले भने । लकडाउनको पालना गरे कोरोना भाइरसको महामारीबाट जोगिन सकिनेमा उनी विश्वस्त छन् ।

# ओलम्पिकको तयारी खर्च बढाइयो



**काठमाडौं, एजेन्सी**–कोरोना भाइरसका कारण एक बर्षका लागि सरेको टोकियो ओलम्पिकले खेलाडीको तयारी खर्चमा बृद्धी गरेको छ ।

कोभिड १९ का कारण प्रतियोगिता सरेपनि यसका लागि छनोट भइसकेका खेलाडीको खर्चमा आइओसीले २५ मिलियन डलर थप गर्ने भएको छ । आइओसीले एक विज्ञेप्ती निकाल्दै प्रतियोगिता सरेपछि तयारी खर्चपनि बढेको र त्यसमा खेलाडीका लागि मात्र २५ मिलियन डलर छुट्याएको बताएको छ । यदि यो रकम अपुग भएमा परिस्थिती हेरेर थप्न सकिने पनि आइओसीले उल्लेख गरेको छ ।

ओलम्पिकका लागि एक सय ८५ देशका १६ सय भन्दा बढि खेलाडीको तयारीमा १५ मिलियन डलर आइओसीले दिने भएको छ । यस्तै १० मिलियन डलर खेलाडीको भ्रमण र अन्य तयारीका लागि दिनेछ। विश्वमा महामारीका रुपमा फैलिएको कोरोनाका कारण जुलाई २४ देखि नौ अगष्टसम्म हुने भनिएको टोकियो ओलम्पिक २०२१ मा सारिएको छ। अब यो प्रतियोगिता जुलाई २३ देखि अगष्ट ८ तारिखसम्म हुनेछ ।

यसका साथै ओलम्पिक आयोजकका लागि पनि तयारी बजेट बढाउनुपर्ने भएको छ । तर त्यो रकम टोकियोले बढाउने की आइओसीले दिने भन्नेमा टुंगो लाग्न सकेको छैन । १२ विलियन डलर लगानी रहेको टोकियो ओलम्पिक एक बर्षसर्दा आयोजकलाई भने घाटा भएको छ ।

# इटलीले बन्दाबन्दीलाई केही खुकुलो पार्ने



**इटाली/एजेन्सी**– इटलीमा कोरोना भाइरसको सङ्क्रमण दर विस्तारै कम हुँदै गएको सङ्केत गर्दै प्रधानमन्त्री जिसेपे कोन्टीले आगामी मे ४ देखि उत्पादन, निर्माण र थोक विक्रेताहरूलाई काममा फर्किन सक्ने बताएका छन् ।

राष्ट्रिय टेलिभिजन च्यानलमार्फत् प्रशारण गरिएको भिडियोमा उनले भने, 'शुरूमा अर्थात् मे ४ देखि उत्पादन, निर्माण र थोक विक्रेताहरू काममा फर्किन सरकारले अनुमति दिने तयारी गरिरहेको छ । अहिलेकै अवस्था रहेमा त्यसपछि खुद्रा व्यापारी, रङ्गशाला, प्रदर्शन भवनहरू र लाइब्रेरीलाई मे १८ पछि खुला गरिनेछ भने बार, रेष्टुरेण्ट, सैलुन र श्रृङ्गार पसलहरूलाई जुन १ देखि खुला गरिनेछ ।'

प्रधानमन्त्रीले मे ४ पछि स्थानीय नागरिकलाई मास्कको प्रयोग गरेर आफ्ना आफन्त भेट्न पार्क तथा सार्वजनिक बगैंचाहरू खुल्ने बताएका छन् । घरबाट करिब २०० मिटरन्दा टाढा जान मोटरसाइकलको प्रयोग गर्न र शारिरीक अभ्यासका लागि हिड्न खुला गरिने प्रधानमन्त्री कोन्टीले बताए ।राष्ट्रिय बन्दाबन्दीको घोषणालाई आगामी मे ३ पछि खुला गर्ने तर दोस्रो चरणका लागि फरक किसिमको नीति अवलम्वन गरिने उनले बताए। उनले सङ्क्रमण बढी रहेको क्षेत्रमा आगामी केही समय नागरिकले कठिनाई परेपनि सहेर सरकारलाई सघाउन र आफ्नो व्यक्तिगत स्वास्थ्यको ख्याल गर्नसमेत आग्रह गरेका छन् ।

मृतकका आफन्तले कम्तीमा १५ जनाको सहभागितामा अन्त्येष्टिमा सहभागिता जनाउन पाउने र सबै व्यक्ति, उद्योग तथा व्यवसायिक फर्महरूले कोरोनाभाइरसबाट बच्न सुरक्षा अनुशासनलाई पालना गर्नुपर्ने र त्यसो नगरेको पाइएमा आवश्यक कानुनी कारबाही हुने पनि प्रधानमन्त्रीले बताएका छन् ।

अझै पनि कोभिड-१९ सङ्क्रमणको सुरक्षा खतरा व्याप्त रहेको छ त्यसैले सामाजिक दूरी कायम गर्ने, मास्क तथा पञ्जाहरूको प्रयोग गर्ने र अनावश्यक भिडभाडमा नजाने गर्ने जस्ता उपाय अवलम्बन गर्दै कोभिड-१९ विरूद्धको लडाइँमा सम्पूर्ण नागरिकको सहयोग अझै पनि केही समयका लागि सरकार तथा स्वास्थ्यकर्मीको अनुरोधलाई मानी सहकार्य गर्न उनले आग्रह गरेका छन् ।

इटलीमा विगत २४ घण्टामा २६० जनाको मृत्यु भएको छ भने यो मार्चपछिको सबैभन्दा निम्न संख्या भएको यहाँको नागरिक सुरक्षा विभागले आइतबार जारी विज्ञप्तिमा उल्लेख छ ।

# 'किम जोङ जिवीतै छन्'



**सोल/एजेन्सी**– उत्तर कोरियाली नेता किम जोङ उन स्वस्थ र जिवीतै रहेको दक्षिण कोरियाका एकजना उच्च सुरक्षा सल्लाहकारले जानकारी दिएका छन् । पछिल्ला केही दिनयता उत्तर कोरियाली नेता किम गम्भीर रुपमा विरामी रहेको अथवा कतिपयले त उनको निधन भएको भन्नेजस्ता समाचार नै सार्वजनिक गरेको अवस्थामा ती सैन्य अधिकारीले सो कुरा स्पष्ट गरेका हुन् ।

दक्षिण कोरियाका राष्ट्रपति मुन जाय इनका प्रमुख सुरक्षा सल्लाहकार मुन चुन इनले सोमबार सो जानकारी दिएका हुन् । उनले भनेका छन्, 'हाम्रो सरकारको सूचना बलियो छ, उहाँ स्वस्थ्य र जिवीतै हुनुहुन्छ ।'

उनले अमेरिकी टेलिभिजन सिएनएनसँगको अन्तर्वार्ताका क्रममा सो जानकारी गराएका हुन् । उत्तर कोरियाली नेता किम त्यहाँको पूर्वी भूभागमा रहेको वानसन रिसोर्टमा अप्रिल १३ देखि बसेको जानकारी दक्षिण कोरियाली सरकारले पाएको जानकरी उनले सो टिभीलाई बताए ।

यही अप्रिल १५ मा उत्तर कोरियाको एक महत्वपूर्ण कार्यक्रममा उनको उपस्थिति नदेखेपछि विभिन्न देशका मिडिया तथा व्यक्तिले केहीले उनी गम्भीर विरामी रहेको त केहीले उनको निधन नै भइसकेको समाचार बाहिर ल्याएका थिए ।

त्यसदिन नेता किमका हजुर बुबा किम इल सुङको जन्मदिनको अवसरमा उत्तर कोरियामा विशेष कार्यक्रमको आयोजना गरिएको थियो । किम इल सुङ उत्तर कोरियाका संस्थापक थिए ।

गएको सोमबार दक्षिण कोरियाकै एक दैनिक पत्रिकाले नेता किमको अप्रिल १२ मा मुटुको शल्यक्रिया गरिएको र त्यसपछि उहाँको स्वास्थ्य अवस्था गम्भीर रहेको बताएको थियो । पछि सो पत्रिकाले उत्तर कोरियाको गोप्य स्रोतलाई उद्धृत गर्दै उनको स्वास्थ्यमा सुधार हुँदै गएको उल्लेख गरेको थियो। तर पनि उत्तर कोरियाको सरकारी सञ्चारमाध्यमले भने किमको स्वास्थ्य अवस्था र उनी कहाँ छन् भन्ने बारे केही जानकारी दिएको छैन । किम केही समयदेखि सार्वजनिक रुपमा कार्यक्रमहरुमा देखिएका छैनन् ।

अमेरिकी सञ्चारमाध्यम सिएनएनले पनि गुप्तचर निकायको स्रोतलाई उद्धृत गर्दै शल्यक्रियापछि किमको स्वास्थ्य अवस्था अति गम्भीर रहेको बताएको थियो । तर दक्षिण कोरियाका दुई अधिकारीले सो कुराको सोही समयमा खण्डन गरेका थिए ।

# श्रीलंकामा ९५ सैनिकमा कोरोना संक्रमण पुष्टि



**श्रीलंका/एजेन्सी**– श्रीलंकामा सङ्क्रमण पुष्टि भएकामध्ये ९५ जना नौसेनाका अधिकारी रहेका यहाँको स्वास्थ्य मन्त्रालयले सोमबार पुष्टि गरेको छ । नौसेनाका अधिकारीहरूमा सुदुवेला र जा-एला क्षेत्रमा शङ्कास्पद कोरोना सङ्क्रमित र लागु औषध कारोबारीको खोजीका क्रममा सङ्क्रमण फैलिएको मन्त्रालयले जानकारी गराएको छ।

श्रीलंकामा कोभिड-१९ सङ्क्रमितको सङ्ख्या ५२३ पुगेको यहाँको स्वास्थ्य मन्त्रालयले सोमबार जानकारी गराएको छ । उक्त भाइरस सङ्क्रमणका कारण मृत्यु हुनेको सङ्ख्या सात पुगेको पनि मन्त्रालयले बताएको छ ।

सङ्क्रमण पुष्टि भएकामध्ये ९५ जना नौसेनाका अधिकारी रहेका बताइएको छ । नौसेनाका अधिकारीहरूमा सुदुवेला र जा-एला क्षेत्रमा शङ्कास्पद कोरोना सङ्क्रमित र लागु औषध कारोबारीको खोजीका क्रममा सङ्क्रमण फैलिएको मन्त्रालयले जानकारी गराएको छ ।

सैनिक कमाण्डर शवेन्द्र सिल्भाका अनुसार सङ्क्रमित सबै नौसैनिक वेलिसरा नौसैनिक शिविरका रहेका छन् । सरकार र सेनाले उक्त शिविर र वरपरका क्षेत्रलाई देशका 'आइसोलेटेड जोन' घोषणा गरिएको छ । सङ्क्रमित सैनिक भएको शिविरमा प्रवेश र त्यहाँबाट बाहिर जानमा पूर्णतया प्रतिबन्ध लगाइएको छ ।

स्वास्थ्य मन्त्रालयले दिएको तथ्याङ्क अनुसार श्रीलंकामा आइतबारसम्ममा कोरोनाभाइरस सङ्क्रमित १२० जना निको भएर घर फर्किएका छन् भने करिब ४०० जनाले देशका विभिन्न अस्पतालमा सघन उपचार कक्ष तथा एकान्तमा रहेर सेवा लिइरहेका छन् ।

रक्षा सचिव कमल गुणरत्नले आइतबार श्रीलंकाका सैनिक अधिकारीहरूलाई विदामा बसेको भए तत्काल आफू कार्यरत शिविरमार्फत् सरकारलाई जानकारी गराउन निर्देशन दिएका छन्। श्रीलंकामा गत शुक्रबारदेखि कोरोनाभाइरस सङ्क्रमण नियन्त्रणका लागि लगाइएको कर्फ्यू आदेश मङ्गलबारसम्म लागु हुनेछ। कर्फ्यूका बिषयमा अवस्था हेरेर त्यसपछिको लागि निर्णय लिइने सरकारले जनाएको छ ।

यहाँको सूचना विभागले कोभिड-१९ को सङ्क्रमण कम रहेका विभिन्न २१ जिल्लामा कर्फ्यू आदेशलाई मङ्गलबारदेखि खुकुलो बनाउँदै आर्थिक गतिविधिलाई सुरू गर्ने जनाएको छ । तर कर्फ्यू आदेश कोलम्बो, गम्पाह, कलुतारा र पुट्टालममा भने मे ४ गतेसम्मका लागि लागू रहने सरकारले निर्णय गरिसकेको छ । श्रीलंकाको राजधानी कोलम्बोमा अहिलेसम्म सबैभन्दा बढी सङ्क्रमित व्यक्ति भेटिएका छन् ।

## जापान भ्रमणमा थप १४ राष्ट्रका नागरिकमाथि प्रतिबन्ध

**टोकियो/एजेन्सी**– जापानका प्रधानमन्त्री शिन्जो आबेले रसिया, पेरु र साउदी अरेबिया समेतका थप १४ राष्ट्रका नागरिकलाई आफ्नो देशभित्र प्रवेशमा कडाई गर्ने सोमबार घोषणा गरेका छन्। प्रतिबन्ध घोषणा गरिएका मुलुकमा कोरोनाभाइरसको संक्रमण फैलिएपछि प्रतिबन्ध लगाउनु परेको प्रधानमन्त्री आबेले बताए ।

जापानले यसअघि नै ७० मुलुकका नागरिकलाई जापान प्रवेशमा प्रतिबन्ध लगाइसकेको छ । प्रधानमन्त्री आबेले सरकारको पछिल्लो घोषणा यही बुधबारदेखि लागू हुने जानकारी दिए । जापानले यसअघि घोषणा गरिएका मुलुकमाथि लागेको प्रतिबन्ध यही अप्रिल ३० मा सकिँदैछ तर उक्त मितिलाई पनि आगामी मे महिनाको अन्त्यसम्म बढाइएको छ ।

जापानमा आगामी मे ६ सम्मका लागि आपतकालीन स्थितिको घोषणा गरिएको छ । सरकारी अधिकारीहरु र विज्ञहरुले कोरोना संक्रमण रोकथामका लागि हाल अपनाइएका उपायहरु सफल रहे वा नरहेको बारेमा सूक्ष्म विश्लेषण गरिरहेका छन् । जापानको स्वास्थ्य मन्त्रालयका अनुसार जापानमा हासलम्म १३ हजार ३८५ जना संक्रमित भएका छन् भने ३६४ जनाको मृत्यु भएको छ ।

# बेइजिङ र सांघाइका विद्यालय खुले



**बेइजिङ/एजेन्सी** सांघाई र बेइजिङका विद्यालयहरु सोमबारदेखि खुलेका छन् । सोमबार यी शहरका दशौं हजार विद्यार्थी विद्यालय गएका छन् । महिनौंको बन्दपछि आज पहिलो पटक बेइजिङ र सांघाइका विद्यालयहरु खुलेको समाचारमा जनाइएको छ ।

कोरोना भाइरसको महामारीका कारण यी शहरका विद्यालयहरु पनि बन्द गरिएको थियो । बेइजिङ र सांघाइसँगै चीनका प्रमुख शहरका विद्यालयहरु बन्द गरिएको थियो । चीनमा कोरोना भाइरसको उत्पत्ति भएपछि त्यहाँ लामो समयसम्म लकडाउन गरिएको थियो । यही लकडाउनका कारण यहाँका अरु कार्यालहरुका साथै विद्यालय तथा विश्वविद्यालयहरु पनि बन्द गरिएको थियो ।

तर अहिले पनि त्यहाँ यसको संक्रमणको उच्च सतर्कता अपनाइएको छ । यही उच्च सतर्कताका साथ चीनमा व्यावसाय तथा कार्यालयहरु विस्तारै खुला गर्न थालिएको छ । यसैअनुसार सोमबारदेखि चीनका प्रमुख यी दुई शहर बेइजिङ र सांघाइमा पनि विद्यालय खुला गरिएको समाचारमा जनाइएको छ ।

लामो समयपछि खुला भएर विद्यालय जान पाएकोमा यी शहरका बालबालिका निकै खुशी देखिएका त्यहाँबाट प्राप्त समाचारमा जनाइएको छ । चीनको वुहान शहरमा गत डिसेम्बरको अन्तिम हप्तादेखि देखा परेको कोरोना भाइरसको प्रकोपले सबैभन्दा पहिला चीनलाई बढी प्रभाव पारेको थियो ।

यस संक्रमणबाट चीनमा ४ हजार भन्दा बढी मानिसको ज्यान गएको बताइएको छ । चीनमा यो महामारीको प्रकोप नियन्त्रणमा आएपछि अब यहाँको जनजीवन विस्तारै सामान्यतर्फ फर्किएको यहाँका सञ्चारमाध्यमले बताइएका छन् ।

## विग एग्रीकल्चर प्रा.लि. हेलम्बु-४ गैंटार, सिन्धुपाल्चोकको एकीकृत मोडेल कृषि फार्म विकास तथा विस्तार कार्यक्रम संचालनका लागि

### सिलबन्दी बोलपत्र सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७७/०१/१६)**

- निजी/समूह/सहकारी क्षेत्रसँगको सहकार्यमा ५० प्रतिशत अनुदानमा एकीकृत मोडेल कृषि फार्म विकास तथा विस्तार कार्यक्रम कार्यान्वयनका लागि एकीकृत मोडेल कृषि फार्म विकास तथा विस्तार कार्यक्रम सञ्चालन कार्यविधि २०७६ को दफा ८ सँग सम्बन्धित रही स्वीकृत भई सोही कार्यविधिको अनुसूची-५ अनुसार बाग्मती प्रदेश कृषि विकास निर्देशनालय हेटौडासँग गरिएको सम्झौता अनुसार यस विग एग्रीकल्चर प्रा.लि.ले उक्त कार्य गर्न देहाय बमोजिमका शर्तहरुको अधिनमा रहि रीतपूर्वक सिलबन्दी बोलपत्रद्वारा खरिद गर्नुपर्ने भएकोले इच्छुक एवम् योग्य इजाजत प्राप्त कम्पनी/फर्म/ब्यवसायीहरुबाट बोलपत्र पेश गर्नूहुन यो सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि कम्पनीको केन्द्रीय कार्यालयमा सम्पर्क गर्न सकिनेछ।
- यस बोलपत्र सम्बन्धी सूचना प्रकाशित भएको मितिले ३०औं दिन (२०७६/१२/०२) भित्र बोलपत्र फारम सम्बन्धी आपूर्तीकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले प्रचलित कानुन अनुसारका आवश्यक कागजातका प्रतिलिपि सहित निवेदनका साथ पेश गरेपछि नियमानुसार बोलपत्र फारम उपलब्ध गराईने छ।
- खरिद गरिएका बोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप समेत गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३० दिनको १२:०० भित्र बुझाईसक्नुपर्ने छ। तोकिएको समयभन्दा ढिला गरी प्राप्तभएमा स्वीकार गरिने छैन। बोलपत्रमा प्रत्येक आईटमको दर रेट, भ्याट बाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ।
- यस सूचनामा उल्लेख नभएको अन्य विषयमा प्रचलित ऐन नियम बमोजिम हुनेछन्।
- बोलपत्रको कामको विवरण निम्न बमोजिमको हुनेछ।

| क्र.स. | कामको विवरण | विनियोजित रकम | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|
| १. | ३० हजार बल क्षमताको च्याउउत्पादनको लागि पूर्वाधारको निर्माण एवं मर्मत सम्भार (सेमीहाईटेक) | ४३, २०,००० | १,००० |
| २. | ५०० बल क्षमताका २ वटा च्याउ घर निर्माण | ४४,७५,५५० | १,००० |
| ३. | १५२० बर्ग मिटरको जि.आई.पाईप स्ट्याण्डको सेमीहाईटेक ग्रीनहाउस निर्माण | ४७,१२,००० | १,००० |

जस्तो सीप उस्तै रोजगार

मुख्य रूपमा साउदी अरब, कतार, मलेसिया र कुवेतमा भनेको काम र तोकेको तलबका लागि दक्ष, अर्धदक्ष र अदक्ष कामदार पठाउने सुरक्षित, भरपर्दो र विश्वसनीय म्यानपावर

अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.
जावलाखेल (नेसनल क्यान्सर अस्पतालसँगै), ललितपुर
फोन नं. ५५५५६८३, ५५५५५३१, फ्याक्सः ५५५५७९४
E-mail:info@oxfordint.com.np, oxfordint@wlink.com.np

नेपाल सरकारबाट श्रम इजाजतपत्र नं. ९१०/०६७/०६८

वैदेशिक रोजगारमा गुणस्तरीय सेवा र गुणस्तरीय रोजगारीका लागि विगत १८ वर्षदेखि सञ्चालित यस कम्पनीमा सम्पर्क गर्नुहोस ।

Pasa INTERNATIONAL PVT. LTD.
Kupondol, Lalitpur, Tel: 5539331, 5554499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np
pimt@pasainternational.com.np

श्रम इजाजत पत्र नं. ११६/०५५/५६

# चेम्बरद्वारा पर्यटन उद्योगमा राहत प्याकेजको माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ बैशाख

नेपाल चेम्बर अफ कमर्सले कोरोना भाइरसका कारण पर्यटन उद्योगमा असर पारेको भन्दै राहतका प्याकेज ल्याउन सरकारसँग आग्रह गरेको हो । चेम्बरले संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेशकुमार भट्टराईलाई १८ बुँदे सुझाव पेश गर्दै पर्यटन तथा हवाई क्षेत्र सुधारका लागि राहतका प्याकेज ल्याउन माग गरेको हो। चेम्बरले आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्न सरकारले अनिवार्य रुपमा वर्षको एक पटक निजामती तथा संगठित संस्थाका कर्मचारीहरु र आम नागरिकहरुलाई प्रोत्साहन प्याकेज सहित आन्तरिक भ्रमणको प्याकेज ल्याउनु माग गरेको छ । यसैगरी नेपाल एयरलाईन्स, हिमालयन एयरलाईन्स र चाइनिज एयरलाईन्सहरुले चीनको बिभिन्न शहरबाट प्रतिस्पर्धी प्याकेजमा



पर्यटकहरु भित्राउने तर्फ पहल गर्नुपर्नुका साथै पर्यटन प्रवर्द्धन गर्न निजी क्षेत्रले कस्टु कस्ट होटल लगायत अन्य पर्यटकीय सुबिधा प्रदान गर्न माग राखेको छ । कोरोनाले सबैभन्दा बढी प्रभावित होटल तथा एयरलाइन्सहरुलाई वित्तीय प्याकेज मार्फत उद्धार गर्न माग गरेको छ भने ऋणको ग्यारेण्टी, कर्पोरेट बण्डमा सरकार वा राष्ट्र वैंकबाट टेवा दिनुपर्ने माग राखेको छ ।

साथै पर्यटन क्षेत्र सुधारका लागि अनुभव र विज्ञता राखेका व्यक्तित्वहरूलाई सम्मिलित गराई पर्यटन पुनरुत्थानका लागि संयन्त्र बनाउन माग राखेको छ। यसैगरी मेडिकल टुरिजम, होम स्टे एग्रो टुरिजम, कल्चरल टुरिजमलगायत विधागत पर्यटन प्रवर्द्धनका लागि ठोस कार्यक्रम ल्याउनुपर्ने चेम्बरको माग छ । यसैगरी हवाई क्षेत्र सुधारका लागि पर्यटन पूर्वाधारको निर्माणलाई तिव्रता दिइनुका साथै राष्ट्रिय महत्वका भैरहवा र पोखरा विमानस्थल निर्माणलाई तिव्रता, त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको आधुनिकीकरण तथा सौंदर्यीकरण, अन्य विमानस्थलको स्तरोन्नति, पदमार्गहरुको मर्मत सम्भार लगायतका अघि बढाई आन्तरिक रुपमा रोजगारी सिर्जना गर्न माग राखेको छ । । यसैगरी जहाजको बीमाको सम्पूर्ण व्यवस्था नेपाल पुनर्बीमा कम्पनीबाट सहुलियत दरमा गराउनुका साथै नेपाल आयल निगमले हाल माग्दै आएको नगद धरौटीको सट्टा बैंक ग्यारेण्टीको व्यवस्था गरी सहुलियत प्रदान गर्न माग राखेको छ ।

## कोभिड–१९ बाट बच्न बुद्धको हवाई सुरक्षा निर्देशिका

# जहाजमा शौचालय बन्द

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ बैशाख

नेपालको अग्रणी वायु सेवा प्रदायक कम्पनी बुद्ध एयरले सुरक्षा निर्देशिका बनाएको छ । विश्व स्वास्थ्य सङ्गठनको मापदण्डअनुरुप जहाजका लागि निर्देशिका बनाइएको कम्पनीले उल्लेख गरेको छ ।



बुद्धले आफ्ना आन्तरिक तथा अन्तर्राष्ट्रिय उडान गन्तव्यका लागि सुरक्षा निर्देशिका बनाएको हो। उक्त सुरक्षा निर्देशिका अनुसार कोभिड-१९ को सङ्क्रमण फैलन नदिनका लागि अब जहाजभित्र शौचालय प्रयोग गर्न नपाइने भएको छ । खासगरी सामूहिक प्रयोगका वस्तु प्रयोग रोक्ने उद्देश्यले शौचालय प्रयोगमा रोक लगाइएको हो। हवाई यात्रुका लागि तोकिएको यो सुरक्षा निर्देशिका विश्व स्वास्थ्य सङ्गठनले महामारीको जोखिम नहटाएसम्म लागू हुने कम्पनीले जनाएको छ ।

बुद्धले यात्रुको सुरक्षालाई ध्यानमा राखी स्वासप्रस्वाससम्बन्धी बिरामी तथा रुघाखोकी, जीउ दुख्ने, सिँगान बग्नेजस्ता कोरोनासँग सम्बन्धित लक्षण देखिएका सबै बिरामीलाई जहाजमा चढ्न निषेध गरिने जनाएको छ। त्यसका लागि आफ्ना काउन्टरमा विशेष व्यवस्था मिलाइनेछ ।

कम्पनीले आगामी हवाई उडानमा क्याटरिङ सेवा बन्द गर्नेछ । एक वा दुईजना एयर होस्टेसले धेरैजना यात्रुलाई क्याटरिङ बाँड्दा त्यसले सङ्क्रमण फैलन सक्ने भएकाले यस्तो व्यवस्था गरिने भएको हो । उडानका क्रममा उपयोग हुने ग्याम्पबसमा सीमित मात्रमा यात्रु चढाइनुका साथै जहाजमा चढ्नुपूर्व सबै यात्रुले स्यानिटाइजर प्रयोग गर्नुपर्नेछ । त्यसैगरी जहाजमा घरपालुवा जनावर लैजान दिइनेछैन । विमानस्थलमा यात्रुले सामाजिक दूरी कायम गर्नुपर्नेछ ।

यात्रुलाई जहाजमा चढाउनु अगाडि कम्पनीले आफ्ना सबै कार्यालय र उपकरण, सवारी साधन र हवाईजहाजसमेत स्यानिटाइज गर्ने जनाएको छ । बुद्ध एयरका कार्यालय र सबै कर्मचारीले समेत सुरक्षा निर्देशिकाको कडा पालना गर्नुपर्ने व्यवस्था गरिएको छ । कार्यालयभित्र सहकर्मीका कुनै पनि सामग्री प्रयोग गर्न पाइने छैन । कर्मचारीले खाजा सकभर घरमै बनाएर ल्याउन वा कार्यालयको क्यान्टिनमा मात्र खानु पर्नेछ ।

मास्कलगायत स्वास्थ्य सुरक्षासम्बन्धी आवश्यक सामग्री कम्पनीले हरेक कर्मचारीलाई उपलब्ध गराइनेछ । कर्मचारीलाई भीडभाड हुने क्षेत्र, सिनेमा हल, रेस्टुरेन्टलगायत क्षेत्रमा जान रोक लगाइएको कम्पनीले बताएको छ ।

# भूकम्पको पाँच वर्ष: तनहुँमा ४७ प्रतिशत आवास निर्माण सम्पन्न

**कृष्ण न्यौपाने/रासस**
काठमाडौं, १५ बैशाख

गोरखा भूकम्पको पाँच वर्ष पूरा हुँदा तनहुँ जिल्लामा ४७ प्रतिशत निजी आवास निर्माण सम्पन्न भएको छ । राष्ट्रिय पुनःनिर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन एकाइ (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) तनहुँका अनुसार पूर्णतर्फ १३ हजार ९४६ र आंशिकतर्फ एक हजार १८५ लाभग्राही रहेकामा सात हजार २१४ निजी आवास पुनःनिर्माण सम्पन्न भएको हो ।

व्यास नगरपालिकामा दुई हजार ३७४ लाभग्राहीमध्ये एक हजार १३६, भानु नगरपालिकामा चार हजार ५९९ लाभग्राहीमध्ये दुई हजार ४१३, बन्दीपुर गाउँपालिकामा एक हजार ६४ लाभग्राहीमध्ये ५२४, आँबुखैरेनी गाउँपालिकामा ८९२ लाभग्राहीमध्ये ५३० र देवघाट गाउँपालिकामा ६४८ लाभग्राहीमध्ये २९२ जनाको निजी आवास निर्माण सम्पन्न भएको छ । त्यस्तै घिरिङ गाउँपालिकामा ३०६ लाभग्राहीमध्ये १४२, भीमाद नगरपालिकामा एक हजार २९६ लाभग्राहीमध्ये ४०३, म्याग्दे गाउँपालिकामा एक हजार ३९५ लाभग्राहीमध्ये ६८९, शुक्लागण्डकी नगरपालिकामा एक हजार ९३९ लाभग्राहीमध्ये ८४६ र ऋषिङ गाउँपालिकामा ६१८ लाभग्राहीमध्ये २३९ जनाको निजी आवास निर्माण सम्पन्न भएको सो एकाइले जनाएको छ ।

एकाइ प्रमुख जयप्रकाश गुप्ताका अनुसार कूल लाभग्राहीमध्ये पूर्ण घर क्षति भएका १३ हजार ७० र आंशिक घर क्षति भएका ७१७ गरी कूल १३ हजार ७८२ लाभग्राहीले पहिलो किस्ताबापतको रकम बुझेका छन् । त्यस्तै आठ हजार ९७६ लाभग्राहीले दोस्रो किस्ताबापतको रकम बुझेका छन् । "तेस्रो किस्ताबापतको रकम बुझ्नेको सङ्ख्या सात हजार २१४ रहेको छ", एकाइ प्रमुख गुप्ताले भने, "घर निर्माण सम्पन्न गरेकाले उनीहरू तेस्रो किस्ताबापतको रकम बुझेका हुन् ।"

पहिलो किस्ता बुझ्नेमा व्यास नगरपालिकामा दुई हजार १९७, भानु नगरपालिकामा चार हजार २२१, बन्दीपुर गाउँपालिकामा एक हजार २५, आँबुखैरेनी गाउँपालिकामा ८५३, देवघाट गाउँपालिकामा ५७२, घिरिङ गाउँपालिकामा २५०, भीमाद नगरपालिकामा एक हजार १३६, म्याग्दे गाउँपालिकामा एक हजार २७३, शुक्लागण्डकी नगरपालिकामा एक हजार ७४७ र ऋषिङ गाउँपालिकामा ५०८ लाभग्राही छन् ।

दोस्रो किस्ता बुझ्नेमा व्यास नगरपालिकामा एक हजार २९३, भानु नगरपालिकामा दुई हजार ८५९, बन्दीपुर गाउँपालिकामा ७१८, आँबुखैरेनी गाउँपालिकामा ५७१, देवघाट गाउँपालिकामा ३७०, घिरिङ गाउँपालिकामा १७७, भीमाद नगरपालिकामा ६६०, म्याग्दे गाउँपालिकामा ८४१, शुक्लागण्डकी नगरपालिकामा एक हजार १९० र ऋषिङ गाउँपालिकामा २९७ लाभग्राही छन् ।

**बन्दाबन्दीका कारण निकासा रोकियो**

कोभिड-१९ को जोखिम न्यूनीकरणका लागि बन्दाबन्दी लागू भएपछि निकासा रकम रोकिएको छ । बन्दाबन्दीका कारण प्रथम, दोस्रो र तेस्रो किस्ताबापतको रकम निकासा गर्न नसकिएको एकाइ प्रमुख गुप्ताले जानकारी दिए ।

उनका अनुसार ३३४ लाभग्राहीलाई पहिलो, ६६६ लाभग्राहीलाई दोस्रो र २५८ लाभग्राहीलाई तेस्रो किस्ताबापतको रकम निकासा गर्न बाँकी छ । "लाभग्राहीले कार्यालयमा रकम निकासाका लागि निवेदन दिए पनि चैत ११ गतेदेखि बन्दाबन्दी भएकाले उक्त रकम निकासा गर्न सकिएको छैन", उनले भने, "बन्दाबन्दी सकिनेबित्तिकै उक्त रकम निकासा गरिनेछ ।"

व्यास नगरपालिकाका ८६ लाभग्राहीको पहिलो, ५० लाभग्राहीको दोस्रो, ४६ लाभग्राहीको तेस्रो, भानु नगरपालिकाका ५६ लाभग्राहीको पहिलो, २०२ लाभग्राहीको दोस्रो, ४९ लाभग्राहीको तेस्रो किस्ता निकासा हुन बाँकी छ । बन्दीपुर गाउँपालिकाका २८ लाभग्राहीको पहिलो, २३ लाभग्राहीको दोस्रो, १९ लाभग्राहीको तेस्रो, आँबुखैरेनी गाउँपालिकाका ३९ लाभग्राहीको पहिलो, आठ लाभग्राहीको दोस्रो र २० लाभग्राहीको तेस्रो किस्ता निकासा हुन बाँकी छ ।

# डोटीमा खाद्य बैंक स्थापना हुने

**डोटी/मस–** जिल्लामा खाद्यान्नको सङ्कट आउन नदिनका लागि नौ वटै स्थानीय तहमा खाद्य बैंक स्थापना गरिने भएको छ। जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले यहाँका सबै स्थानीय तहले कोरोनाको कहरका कारण हुन सक्ने खाद्य अभाव तथा अन्य विपद्को जोखिमबाट बचन पूर्वतयारीस्वरुप खाद्य बैंक स्थापना गर्ने निर्णय गरेको हो ।

कोरोना भाइरसको सङ्क्रमण र भविष्यमा आउन सक्ने विपद्लाई लक्षित गरी यहाँका नौ वटै स्थानीय तहमा खाद्य बैंक स्थापना गर्ने निर्णय भएको जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी टेकनारायण पौडेलले बताए । उनले भने, "हामी कोरोनाको कहरसँग दिनहुँ लडिरहेका छौं, कोरोनासहित अन्य विपद्बाट बच्नका लागि सबै स्थानीय तहमा खाद्य बैंक स्थापना गर्ने निर्णय गरेका छौं, सोही निर्णयानुसार सबैले खाद्य बैंक स्थापना गर्ने छन् ।"

कोरोना भाइरस (कोभिड-१९) को रोकथाम तथा नियन्त्रणका लागि सरकारले गरेको लकडाउन अवधि अनिश्चितकालीन रहेकाले खाद्यान्न अभाव हुनसक्ने अनुमान गरी स्थानीय तहले अस्थायी खाद्यान्न बैंक स्थापना गर्ने निर्णय गरेको दिपायल सिलगढी नगरपालिकाका नगरप्रमुख मञ्जु मलासीले बताए । उनले भने, "वर्षाद्को समय पनि शुरु भएको र जिल्लामा खाद्यान्न अभाव हुनसक्ने भएकाले सबै स्थानीय तहले अस्थायीरुपमा भए पनि खाद्य बैंक स्थापना गर्ने निर्णय भएको छ, जस्ले गर्दा खाद्य सङ्कट हुने छैन् ।"

खाद्य बैंक स्थापनाका लागि स्थानीय तहको विपद् व्यवस्थापन कोषबाट केही रकम खाद्यान्न खरिदका लागि व्यवस्थापन गर्न सकिने जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी पौडेलले जानकारी दिए । खाद्य बैंकमा खाद्य मौज्दात गर्दा स्थानीय उत्पादनलाई पहिलो प्राथमिकतामा राखिने निर्णय भएको उनले बताए । जिल्लामा मकै, कोदो, आलु, फापर र जौ बढी उत्पादन हुने खाद्य पदार्थ हुन् भने चामल, दाल र तेल तराईका जिल्लाबाट आयात गरिन्छ ।

# प्रभु बैंकमा आगलागी



**काठमाडौं/मस–** चितवनको नारायणगढस्थित प्रभु बैंकमा आगलागी भएको छ। विद्युत चुहावट भई आगलागी भएको वडा प्रहरी कार्यालय नारायणगढका प्रहरी निरीक्षक रवीनबाबु रेग्मीले बताए । उनका अनुसार स्थानीयवासी, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना र दमकलको सक्रियतामा आगो नियन्त्रणमा लिइएको छ । बिहान ११: २० बजे लागेको आगो ११:४५ बजे नियन्त्रणमा लिइएको हो ।

# रोकियो पुल उद्घाटन

**तनहुँ/मस–**पुल निर्माण सम्पन्न भइसके पनि एक पुलको लकडाउनका कारण उद्घाटन रोकिएको छ। बन्दीपुर गाउँपालिका-४ विमलनगर र गोरखाको पालुङटार नगरपालिका-७ कुमालटारी जोड्ने गरी मर्स्याङ्दी नदीमाथि निर्माण गरिएको मोटरेवल पुल रुचौध करोड ८० लाखको लागतमा सपना निर्माण सेवा हेटौंडाले बनाएको निर्माण सेवाका सञ्चालक हरिप्रसाद ढकालले बताए ।

करीब एक सय मीटर लम्बाइ रहेको उक्त पुलका चार पिलर निर्माण गरिएको छ । विसं २०७४ मा सम्झौता गरी यही वैशाख पहिलो हप्तामा सम्पन्न गरी उद्घाटन गर्ने कार्यक्रम थियो। पुल उद्घाटन गरी आवतजावत सहज गर्ने योजना रहे पनि लकडाउनका कारण रोकिएको मर्स्याङ्दी पुल संरक्षण समितिका संयोजक लालकुमार श्रेष्ठले जानकारी दिए। उक्त पुलबाट तनहुँ, गोरखा र लमजुङ जिल्लाका हजारौं मानिस प्रत्यक्ष लाभान्वित हुने छन् ।

**हाइटेन्सन लाइन हटेन**

मोटरेवल पुल निर्माण सम्पन्न भइसके पनि पुल नजीकै रहेको विद्युत्को हाइटेन्शन लाइन हटाइएको छैन । एक वर्षअघिदेखि सडक डिभिजन कार्यालय र नेपाल विद्युत् प्राधिकरण कार्यालयमा पटक पटक ताकेता गर्दा पनि सुनुवाइ नभएको पुल संरक्षण समितिका अध्यक्ष श्रेष्ठले बताए । उनले भने, 'विद्युत् हाइटेन्सन लाइनको दूरी नजिकै रहेकाले करेन्ट लाग्ने सम्भावना बढी रहेको छ ।'




www.madhyanhadaily.com
मध्यान्ह दैनिकको
facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews YouTube Janatapati Janatapati

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**